भर्खरै

# मधेस र पहाडबीच सद्भाव कायम गर्न 'विश्वास निर्माण कार्यक्रम'

अन्नपूर्ण  फागुन २४, २०७७ सोमबार २३:३७:०







जनकपुर: मधेस र पहाडबीच सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गर्न विश्वास निर्माण कार्यक्रम आरम्भ भएको छ ।

'परिवर्तनको अभियान कार्यक्रम' अन्तर्गत विश्वास निर्माण कार्यक्रम जनकपुरबाट घोषणा गरिएको हो । उक्त कार्यक्रम  पहाड र मधेसी समुदायबीच पछिल्लो समय देखिएका शंसय हटाइ आपसी सद्भाव र विश्वास कायम गर्न केन्द्रित हुनेछ ।

पहाड र मधेसका युवाहरुले आपसी समस्याबारे खुलेर संवाद गर्ने उद्देश्यका साथ युवाहरुलाई अभियानको बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा युवाहरुले आफुमा आएको व्यक्तिगत परिवर्तनको अनुभव समेत सुनाएका थिए ।




प्रदेश २ का कानुनमन्त्री ज्ञानेन्द्र कुमार यादवले कार्यक्रम उद्घाटन गरेका थिए । कार्यक्रममा मन्त्री यादवले सबै प्रकारका विभेद अन्त्य गर्न प्रदेश सरकार लागि परेको र अभियान आवश्यक रहेकोले यसलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

बहुसांस्कृतिक र बहुभाषी समुदायबीच रहेको दूरी समाप्त गर्ने र सुरक्षित र शान्त वातावरण सृजना गर्ने यस कार्यक्रमको लक्ष्य रहेको अभियानका सदस्य कमल कंडेलले जानकारी दिए ।

'यस कार्यक्रमको लक्ष्य दशकौंदेखि अस्तित्वमा रहेका बहुसांस्कृतिक र बहुभाषी समुदायबीच रहेको दूरी समाप्त गर्नु हो । साथै आपसमा आफ्नो अनुभव र सरोकार सुनाउन सुरक्षित र शान्त वातावरण सृजना गरी आफ्नो कुरा सत्यतापूर्वक भन्ने र आदरपूर्वक वातावरण बनाउने कार्यक्रमको उद्देश्य हो,' अभियानका सदस्य कमल कंडेलले भने ।

व्यक्तिगत स्तरबाट सबै युवाहरुलाई यस अभियानमा लाग्नु र विभिन्न समुदायबीच दूरी घटाएर सामाजिक पुलको निर्माण गर्न अभियानका अध्यक्ष केशव दाहालले आह्वान गरेका थिए । यसका लागि विभिन्न समुदाय र पृष्ठभुमिका व्यक्तिसँग सहकार्य गरी अगाडी बढ्ने अध्यक्ष दाहालको भनाइ छ ।

लामो समय नेपालले भोगेको द्वन्द्वका असर र केन्द्रिकृत शासन प्रणालीले स्थापित गरेका मान्यता हटाएर सामाजिक सहअस्तित्वमुलक समाज निर्माण गर्नु आजको आवस्यकता रहेको अभियानका युवाहरुले औंल्याएका थिए ।

## तिक्रिया दिनुहोस !

# सम्बन्धित खबर



सरकारले कर छुट देखाएर पछाडिबाट बढी कर असुल्यो...




प्रवासी नेपालीहरूको ज्ञान, सीप र अनुभवलाई देशसँग...



संविधानका कमजोर र जटिल पक्षको पुनरावलोकन गर्न...



परराष्ट्रमन्त्री खनाल बेइजिङमा



कांग्रेस महामन्त्री पौडेलको दाबी- क्रियाशील सदस्यको...




नेपालसहित धेरै देशमा फेसबुक खुल्न समस्या




बाल सैनिकको प्रयोगलाई समेटेर कानुन निर्माण गर्न...



तीनकुनेमा एक जना मृत फेला

# लोकप्रिय

१ प्रधानमन्त्रीले भने- विश्वकपमा मेरो 'फेभरेट' देश खेलेकै छैन

२ भारतीयको रोजाइमा नेपालको पहाड : पोखरा र मुक्तिनाथ भरिभराउ

३ देउवासहित शीर्ष नेता नै महाधिवेशन प्रक्रियाबाट बाहिरिने जोखिममा

४ भारतबाट फरार युवकको विराटनगरमा रहस्यमय मृत्यु, अनुसन्धानमा तानिए चार भारतीय

५ अमेरिकाको मागमा किमको कडा चेतावनी : परमाणु हतियार त्याग्ने प्रश्नै उठ्दैन

६ आइतबार देशका यी स्थानमा हुनेछ वर्षा

७ दलित युवकसँग विवाह गरेकी युवतीको प्रहरी कार्यालयमै हत्या, उठ्यो गम्भिर प्रश्न

८ कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने समयसीमा कुन ठाउँमा कहिलेसम्म ?

९ यस्तो छ कांग्रेस संस्थापनले इतर समूहलाई पठाएको ७ बुँदे सहमति प्रस्ताव

## WORKING TOGETHER IS NO LONGER OPTIONAL-IT IS A MATTER OF COMPULSION

Annapurna Media Network has announced the Unity for Sustainability campaign which comes into force from January 1, 2022. The main aim of this campaign is to 'lead the climate change dialogue' working closely with all the stakeholders on sustainable development mode, particulary focusing on climate-change issues.

Unity for Sustainability

ANNAPURNA MEDIA NETWORK

## हाम्रो बारे

ANNAPURNA MEDIA NETWORK is a leading media conglomerate that believes in social and economic development through responsible media practice. Prosperous Nepal is always at the core of AMN. We champion democratic values, economic development, national sovereignty, nationalism, and multi-lateral harmony at regional and global fronts. AMN owns and operates extensive media brands like Annapurna Post and The Annapurna Express in print, annapurnapost.com, theannapurnaexpress.com, ap1.tv in digital, AP1 HD in television, Radio Annapurna Nepal in radio, and APON in modern media. AMN also hosts debates, conferences, and events on agendas that require public participation and engagement.

## सम्पर्क ठेगाना

कर्पोरेट टावर, तीनकुने, काठमाडौं पोष्ट बक्स नं २४९९९ annapurnapostonlline@gmail.com

प्रधान सम्पादकः बालकृष्ण बस्नेत सम्पादकः शम्भु कट्टेल दर्ता न. : १३०९/०७५-०७६

## सम्पर्क नम्बर

01-4112305 | 01-4112327 | 01-4112499

© Copyright 2022 Annapurna Media Network. All rights reserved.

Terms of Service Privacy Policies

Copyright © 2023 | All rights reserved.

Powered by PRIXA